# पहिलो परिच्छेद

## अध्ययनपत्रको परिचय

### १.१ विषयपरिचय

प्रस्तुत अध्ययनपत्रको शीर्षक धादिङ जिल्लाको उत्तरी भेगमा प्रचलित लोकगीतहरूको अध्ययनन रहेको छ । लोकगीत नेपालका अधिकांश भू-भागमा गाइन्छ । यस सन्दर्भमा धादिङ जिल्लाको उत्तरमा रहेको गंगाजमुना र त्रिपुरासुन्दरी गाउँपालिकाका धेरैजसो गाउँका आदिवासी, जनजाति, क्षेत्री, बाहुन आदिको बसोबास भए पनि विभिन्न ठाउँबाट बसाईं सरी आउनेहरूको बसोबास रहेको छ । यस क्रममा जातिगत रूपमा पनि लोकगीत सङ्कलन गरी यस अध्ययनमा समेटिएको छ ।

नेपाली समाजमा जागृत बस्दा, मेला, पर्व, जात्रा आदि अवसरका साथै जनजातिका संस्कार र सामाजिक व्यवहार तथा मनोरञ्जनका लागि गाइने गाथा, कथा, नाटक, उखान, टुक्का गाउँखाने कथा जस्तो लोकसाहित्यका विधाहरूमध्ये लोकगीत नेपाली समाजमा प्रचलित रहेको छ । यस गीतमा कुनैमा बाजाको आवश्यकता पर्ने र कुनैमा नपर्ने देखिन्छ ।

### १.२ समस्याकथन

प्रस्तुत अध्ययनपत्रको अध्ययन समस्याहरू निम्नानुसार रहेका छन् :

(१) धादिङ जिल्लाको उत्तरी भेगमा प्रचलित लोकगीतको सङ्कलन कसरी गर्न सकिन्छ ?

(२) धादिङ जिल्लाको उत्तरी भेगमा प्रचलित लोकगीतको वर्गीकरण र विश्लेषण के कसरी गर्न सकिन्छ ?

### १.३ अध्ययनपत्रको उद्देश्य

प्रस्तुत अध्ययनपत्रको उद्देश्य निम्नानुसार रहेको छ :

(१) धादिङ जिल्लाको उत्तरी भेगमा प्रचलित लोकगीतको सङ्कलन गर्नु,

(२) धादिङ जिल्लाको उत्तरी भेगमा प्रचलित लोकगीतको वर्गीकरण र विश्लेषण गर्नु,

### १.४ पूर्वकार्यको समीक्षा

धादिङ जिल्लाको उत्तरी भेगकै लोकगीतहरूमा केन्द्रित अध्ययन हालसम्म गरिएको पाइँदैन तापनि धादिङ जिल्लासँग सम्बन्धित केही लोकगीत बारे भएका अध्ययनमा धादिङ

जिल्लाको गंगाजमुना गाउँपालिका र त्रिपुरासुन्दरी गाउँपालिका क्षेत्रसँग सम्बन्धित गीतहरूको पनि केही चर्चा पाइन्छ ।

## १.५ अध्ययनको औचित्य

मौखिक र मौलिक परम्परामा हुर्केको नेपाली लोकसाहित्य हाम्रो पुर्ख्यौली सम्पदा हो । यो केवल मनोरञ्जनको साधनमात्र नभएर लोकजीवनका विविध पक्षहरूको यथार्थ स्वरूप चित्रण गर्ने माध्यम हो । लोकसाहित्यका विविध विधाहरूले समाजमा आ-आफ्ना खाले विशिष्ट महत्त्व कायम गरेका छन् । लोकगीत पनि लोकसाहित्यको महत्त्वपूर्ण तथा लोकप्रिय विधा हो । यो प्राचीन कालदेखि वर्तमानसम्म मनोरञ्जन संस्कार कार्य, दुःख विरह, वेदनाका भावनाहरू व्यक्त गर्न गाइँदै आएको पाइन्छ ।

लोकगीतहरू प्रायः माया, प्रेम, सुख, दुःख, विरह, वेदनासम्बन्धी हुन्छन् । त्यस्तै विभिन्न जाति, रहनसहन तथा सामाजिक परिवेश, संस्कारसम्बन्धी हुने गर्दछ । त्यसैले एउटा जिल्लाभित्र पनि ठाउँको परिस्थिति, सामाजिक स्वरूपमा आधारमा लोकगीत प्रचलनमा रहेका हुन्छन् । भिन्न ठाउँमा भिन्न खालका संस्कृति बोकेका लोकगीत हुन्छन् भन्ने कुरा त्यस ठाउँको स्थलगत भ्रमणबाट थाहा हुन्छ । विविध बाह्य प्रभावले विकृत हुने वा लोप हुने अवस्थामा रहेका लोकगीतप्रति चासो, उत्साह र हौसला बढाउन र लोकगीतको संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग पुग्नेछ । यो अध्ययन कार्य पछिल्ला अध्ययनकर्ताहरूलाई पनि लोकगीतको बारेमा थप जानकारी हुने हुनाले महत्त्वपूर्ण रहनेछ । धादिङको उत्तरी भेगमा प्रचलनमा रहेका लोकगीतहरू आजसम्म कसैले पनि सङ्कलन नगरेकाले यो कार्य महत्त्वपूर्ण रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन कार्यमा लोकगीत अध्ययन र सङ्कलन गर्न धादिङको उत्तरी भेगमा पर्ने गंगाजमुना गाउँपालिका तथा त्रिपुरासुन्दरी गाउँपालिकालाई मात्र अध्ययनका रूपमा निर्धारण गरी समेटिएको छ ।

## १.७ अध्ययन विधि

यस अध्ययनपत्र तयार गर्दा निम्नलिखित अध्ययन विधिहरूको प्रयोग गरिएको छ ।

(१) यस अध्ययनपत्रमा प्रस्तुत गरिएका लोकगीतको सङ्कलनका लागि क्षेत्रीय अध्ययन पद्धति अँगालिएको छ । यस क्रममा अध्ययनकार्यको भौगोलिक सीमाभित्रको निर्धारित क्षेत्रमा पुगेर स्थानीय सूचकहरूबाट लोकगीत सङ्कलन गरिएको छ ।

(२) लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषणका क्रममा पुस्तकालयीय विधि पनि अँगालिएको छ । लोकगीतको विश्लेषणको क्रममा विश्लेषणात्मक विधि अँगालिएको छ ।

## १.८ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययन कार्यलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ ।

**पहिलो परिच्छेद** : अध्ययनपत्रको परिचय

**दोस्रो परिच्छेद** : धादिङ जिल्लाको उत्तरी भेगको परिचय

**तेस्रो परिच्छेद** : धादिङ जिल्लाको उत्तरी भेगमा प्रचलित लोकगीतको सङ्कलन

**चौथो परिच्छेद** : धादिङ जिल्लाको उत्तरी भेगमा प्रचलित लोकगीतको वर्गीकरण र विश्लेषण

**पाँचौँ परिच्छेद** : सारांश तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# धादिङ जिल्लाको उत्तरी भेगको परिचय

## २.१ धादिङ जिल्लाको परिचय

### (क) भौगोलिक अवस्था

विश्व मानचित्रमा २७ डिग्री ४० मिनेटदेखि २८ डिग्री १७ मिनेट उत्तरी अक्षांश र ८४ डिग्री ३५ मिनेटदेखि ८० डिग्री १७ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको धादिङ जिल्ला समुन्द्र सतहबाट ३०० मिटर (जोगीमारा) देखि ७११० मिटर (पाविल हिमाल) सम्मको उचाईमा अवस्थित छ । पूर्वमा नुवाकोट, रसुवा र काठमाडौं, पश्चिममा गोरखा, उत्तरमा रसुवा तथा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा चितवन र मकवानपुर जिल्लाहरू क्षेत्र तिब्बत र दक्षिणमा चितवन र मकवानपुर जिल्लाहरू रहेको यस जिल्लामा उत्तरमा हिमाल पर्वत शृङ्खलादेखि दक्षिणमा भहाभारत पहाड शृङ्खलासम्म फैलिएको छ । उत्तरबाट दक्षिणतर्फ फुक्दै गएको यस जिल्लामा लेक, बेसी, नदीनाला, टार र ठुला ठुला फाँटहरू रहेका छन् । यो जिल्लाको क्षेत्रफल १९२४.९ वर्ग कि.मी. रहेको छ (लम्साल, २०७३, १९-२१) ।

### (ख) नदीनाला

जिल्लाको करिब मध्य भागमा बग्ने नदीदेखि पश्चिममा गोरखाका सीमा हुँदै बग्ने बुढिगण्डकी र प्रसिद्ध त्रिशुली नदी यसै जिल्लामा रहेका छन् । यी बाहेक धादिङ जिल्ला सदरमुकाम हुँदै बग्ने खोला, भालेटाइ, दुरुगुनी, अखिल, डुडखुल, किन्ताङ, बगुवा, आफल, ताँदी, कोल्पु, डुन्डुरे, मनु, लपाङ, कास्टे, पिन, अवधि, धाले, पलेखु, ह्यापिङ, खानी, टुनो, आँसी, महत, छोरीनदी, हाँडी, ग्याल्मा, धौ, सामरी, च्याँडु, डल्डु, सुकौरा, बेल्खु, महेश, आग्रा, चिरौदी, थाप्ले, मलेखु, दरीयाल, कोशी, जुङ्ग आदि १७४० जति खोला, खोल्साहरू रहेकोमा त्रिशुली, बुढीगण्डकी र आँखु जिल्लाका मुख्य नदीहरू हुन् (गंगाजमुना गाउँपालिका) ।

### (ग) ऐतिहासिक सन्दर्भ

पुरानो नाम पश्चिम १ नम्बर भनिने धादिङ वि.सं. २०१९ सालमा सल्यान, धादिङ र लामीडाँडा समेत तीन थुमहरूलाई मिलाई गठन गरिएको थियो । २०२२ सालमा मात्र यसलाई अलग प्रशासनिक रूप दिइएको हो । धादिङ जिल्लाको इतिहास राष्ट्रिय एकीकरण

भन्दा पनि अघिदेखिकै छ । इतिहासहरूले यस जिल्लाको इतिहासलाई लिच्छवी र पूर्वमध्य कालसम्म जोडेका छन् । कान्तिपुरको केन्द्रीय शासन कमजोर भएपछि यस इलाकामा मगरहरूले छुट्टै राज्य चलाएका थिए भनिन्छ (गंगाजमुना गाउँपालिका) । इतिहासविद् योगी नरहरिनाथका अनुसार तिनै मगरहरूलाई गोरखाका राजा राम शाहले जितेको र गोरखाबाट समेत सिधै शासित भएको थियो ।

राम शाहले नेतृत्वका धादिङ गोरखाको अधीनमा आएपछि उनले सिद्धानचोकमा गढी बनाई लमजुङ र तनहुँका सीमा बलियो पारेका थिए र बुढी गण्डकीदेखि पूर्वपछि रहेको मगर इलाकामा बाहुन क्षेत्रीहरूको बस्ती बसाएका थिए । सल्यानमा राजा राम शाहले गढी बनाई त्यहीँ भगवतीको मन्दिर समेत स्थापना गरेका थिए । त्यहाँ संस्कृत भाषामा रचिएको केही श्लोक र गोरखाली खस भाषाको गद्य लेख कुँदिएको ... महिना खम्बा नामक शिलास्तम्भ पनि छ । त्यही मन्दिरमा पृथ्वीनारायण शाहले समेत विशेष पूजा आजा गरेका थिए । टहलुवा र पूजारी बाहेक अरू मन्दिरभित्र प्रवेश गर्न नहुने प्रचलन बमोजिम पृथ्वीनारायण शाहले पनि ढोका बाहिरै बसेर पूजा गरेका थिए । उनले आफ्नो दिव्योपदेश समेत यिनी साक्षात् देवी हुन् भनेर उल्लेख गरेका छन् ।

हिन्दू, बौद्ध तथा अन्य धर्मावलम्बीहरू र तिनै धर्महरूका धार्मिक स्वरूप मन्दिर, गुम्बा तथा चर्चहरूले धार्मिक छ धादिङ । मन्दिर, चर्च तथा गुम्बाहरूमा धार्मिक रीति अनुसार धार्मिक कामहरू हुन्छन् । पूजापाठ, न्यायसध्यान, त्यहीँ हुने भजनकीर्तन तथा लोकगायन धादिङका विशिष्ट पहिचान हुन् । खाल्टेको चमेरे गुफा, नलाङको सिद्ध लेक तथा चैनपुर मुरली भञ्ज्याङ बीचको सीमानामा पर्ने ज्वालामुखी मन्दिर जिल्लाका महत्वपूर्ण स्थल हुन् । नलाङको सिद्ध लेक १५२५ मिटरको उचाइमा रहेको छ जहाँबाट यस जिल्लाको ४९ गा.वि.स. देख्न सकिन्छ (त्रिपुरासुन्दरी गाउँपालिका) ।

यसै गरी कल्लेरीको गुप्तेश्वर गुफा, फूलखर्कको गंगाजमुना, सल्यानकोटको त्रिपुरासुन्दरी, ज्यामरुङको शंखादेवी, ढोलाको मण्डली, मैदीको खड्गदेखि झार्लाङको तातोपानीमूल, सुनौला बजारको भैरवी मन्दिर, नौबीसेको खर्क डाँडा, मलेखु शिरताल्तीको सानो गौरी शंकर तथा बेनीघाटको डुम्रेकालिका धादिङका केही प्राकृतिक, ऐतिहासिक तथा धार्मिक स्थलहरू हुन् । गणेश हिमाल यसको शिरमा छ । हिच्छादित सुन्दर शिखरमुनी गावैपिच्छे मन्दिर र देवस्थल छन् भने हरेक थुम्क्यान हेर्न लायक छन् ।

धादिङमा निकै धेरै पुराना गुम्बाहरू पनि छन् । यो गुम्बाहरूको जिल्ला पनि हो । मार्पाकको छेचेन गुम्बा ८ पुस्ता पुरानो गुम्बा मानिन्छ भने सेमजोङको चिलिम जोङ र दार्खाकै छङ्गाम गुम्बा र तिप्लिङको टासी छोजोम गुम्बालाई त ७ पुस्ता पुरानो मानिन्छ । यसका अतिरिक्त सेम्जोङ, सत्यदेवी, तिप्लिङ, झार्लाङ, गुम्दी, तसर्पू, थाक्रे, सेर्तुङ, री तथा कटुन्जे गा.वि.स. हरूमा पनि विभिन्न सम्प्रदायका लामाहरूका पवित्र गुम्बाहरू छन् । लामा संस्कृति र गुम्बाका दृष्टिले पनि धादिङ मुलुकै प्रसिद्ध जिल्ला मध्ये एक भएको देखिन्छ । उत्तरी धादिङ र विशेषतः तामाङ बस्तीमा गुन्जले सेलो, कुमालहरूको घाटु, गुरुङ, मगरहरूको सन्जे आरती, बालन र भजन तथा खेतीपाती तथा शुभ तथा मङ्गलकर्म विशेषका साथै कृषि गीत तथा मागलहरू धादिङका विशिष्ठ लोकपरम्परा हुन् ।

## २.२ धादिङ जिल्लाको उत्तरी भेगको परिचय

धादिङ जिल्लाको उत्तरी भेगमा त्रिपुरासुन्दरी गाउँपालिका, गंगाजमुना गाउँपालिका, खनियाबास गाउँपालिका र रुवी भ्याली गाउँपालिका हुन् । त्यसमध्ये त्रिपुरासुन्दरी गाउँपालिका र गंगाजमुना गाउँपालिकाको सेरोफेरोमा लोकगीतको अध्ययन गरिएको छ । यस क्षेत्रमा गुरुङ, मगर, तामाङ, बराम, नेवार, दमाई, कामी, रम्तेल, ब्राह्मण तथा क्षेत्रीहरूको बसोबास रहेको छ । यहाँको मुख्य खेतीपाती धान, मकै, गहुँ, कोदो, आलु आदि रहेको छ । भौगोलिक हिसाबले पहाडी क्षेत्र भएको कारण यस क्षेत्रमा खेती योग्य जमिन कम मात्रामा रहेका छ । २०६८ को जनगणना अनुसार त्रिपुरासुन्दरी र गंगाजमुना गाउँपालिकामा क्रमशः २२९६० र २१७८४ जनसङ्ख्या छ । यस गाउँपालिकामा विभिन्न चराचुरुङ्गी तथा जङ्गली जनावरहरू पाइन्छन् । यस भेगका मानिसहरू प्रायः वैदेशिक रोजगारी लगायत शिक्षक, सेना, प्रहरी तथा अन्य उद्योग धन्दामा पनि संलगन छन् । यस गाउँपालिकाको धर्म र संस्कृति मान्ने मानिसहरू विभिन्न तरिकाबाट लोकगीतको वर्णन गर्दा संलग्न भएको देखिन्छ (त्रिपुरासुन्दरी र गंगाजमुना गाउँपालिका) ।

**भागोलिक अवस्थिति**

सीमाना पूर्वमा : रसुवा जिल्ला

पश्चिममा : ज्वालामुखी गाउँपालिका

उत्तरमा : गोरखा जिल्ला, आरुघाट गाउँपालिका

दक्षिण : आँखु खोला तथा गोरखा जिल्ला

क्षेत्रफल : २०५ वर्ग कि.मी

हावापानी : चिसो पहाडी वातावरण

जनसङ्ख्या : ९५,५५५

धादिङ उत्तरी भेग अन्तर्गत : गगाजमुना गाउँपालिका र त्रिपुरासुन्दरी गाउँपालिका

समावेश भएका साविक गा.वि.स. हरू वसेरी, बुढाथुम, फूलखर्क, गुम्दी, रि, गंगाजमुना गाउँपालिकामा पर्छन र साविक गा.वि.स. हरू, त्रिपुरासुन्दरी, सल्यानटार, आगिञ्चोक, सल्यानकोट, मूलपानी त्रिपुरासुन्दरी गाउँपालिकामा रहेका छन् ।

धादिङको उत्तरी भेगमा रहेका प्रमुख नदी/खोला तथा ताल तलैयाहरू

मुख्य नदी : आँखु नदी

खोलाहरू : मनपाङ खोला, ह्यापिङ खोला, कास्टे खोला, अँदेरी खोला, खहरे खोला आदि ।

तालतलैया : रिङने, हाइड्रो ताल, आँखु पहेंली ताल (त्रिपुरासुन्दरी गाउँपालिका) ।

**पार्कहरू तथा पिकनिक स्थल**

(१) चिनको सिमानाको हाइटमा भएको गुम्बा, गंगाजमुना गाउँपालिका, वसेरी ।

(२) पयुँखर्क पिकनिक स्थल, गंगाजमुना गाउँपालिका, फूलखर्क ।

(३) तिसमुरे बगर पिकनिक स्थल, गंगाजमुना गाउँपालिका, बुढाथुम ।

(४) सल्यानटार हेलीप्याड स्थल, त्रिपुरासुन्दरी गाउँपालिका, सल्यानटार ।

(५) सल्यान बेसी गणेशस्थान, त्रिपुरासुन्दरी गाउँपालिका, खहरे ।

**धार्मिक पर्यटकीय स्थलहरू**

(१) गंगाजमुना गुफा

(२) सल्यानकोटको त्रिपुरासुन्दरी

(३) झार्लाङको तातोपानी मुल

(४) सेमजोडको चिलिम जोङ गुम्बा

(५) दार्खाको झप्मल गुम्बा (धादिङ स्मारिका) ।

## २.३ प्राकृतिक स्वरूप

यस क्षेत्रको प्राकृतिक स्वरूपलाई नियाल्दा अग्ला डाँडाकाँडा, बेंसीमा खेतसँगै, आँखुनदी, मनपाङ खोला, हयापिङ खोला, कास्टे खोला, अँदेरी खोला, खहरे खोला, नदी एवम् डाँडाकाँडाका माथि रमणीय वनहरूले यो क्षेत्र साँच्चै रमणीय देखिन्छ । प्राकृतिक रूपमा निर्मित बसेरीको गुम्बा यस क्षेत्रकै सबैभन्दा अग्लो स्थानको पिकनिक स्थल र पर्यटकीय

स्थानको रूपमा गंगाजमुना झर्नालाई प्रमुख रूपमा लिइएको छ । यो क्षेत्र पर्यटकीय स्थानका रूपमा विकास गर्न योग्य क्षेत्र हो । जसका लागि गंगाजमुना गाउँपालिकाले गुरुयोजना समेत तयार गरेको छ ।

## २.४ राजनीतिक विभाजन

गंगाजमुना गाउँपालिकामा पाँचवटा गा.वि.स. हरूलाई समेटेर एउटा गाउँपालिका बनाइएको छ । यहाँ सातवटा वडाहरू रहेका छन् । त्यस्तै अर्को धादिङको उत्तरी भेगमा रहेको अर्को गाउँपालिका त्रिपुरासुन्दरी गाउँपालिका हो । त्यहाँ पाँचवटा गा.वि.स. हरूलाई समेटेर त्रिपुरासुन्दरी गाउँपालिका बनाइएको छ ।

## २.५ जनसङ्ख्या

यस गंगाजमुना गाउँपालिकामा सातवटा वडामा विभाजन गरिएको छ । यहाँको कुल जनसङ्ख्या २१७८४ रहेको छ । साथै त्रिपुरासुन्दरी गाउँपालिकामा पनि सातवटा वडामा विभाजन गरिएको छ । त्यहाँ कुल जनसङ्ख्या २२९६० रहेको छ (त्रिपुरासुन्दरी गाउँपालिका) ।

## २.६ धर्म

यस गाउँपालिकामा विशेष गरी हिन्दु, बौद्ध र इशाई धर्मावलम्वीहरूको बसोबास रहेको छ । यहाँ ब्राह्मण, क्षेत्री र तामाङ जातिको बाहुल्यता रहेको छ । यहाँ अन्नपूर्ण मन्दिर, महालक्ष्मी देवी मन्दिर, श्रीकृष्ण मन्दिर, गणेश मन्दिर नयाँगाउँ, कालीदेवी मन्दिर, गुम्बा, गंगाजमुना झर्ना जस्ता धार्मिक पर्यटकीय स्थलहरू रहेका छन् । यहाँ श्रावण महिना, तीज, शिवरात्री, फागुपूर्णिमा, श्रीकृष्ण अष्टमी जस्ता पर्वमा मेला लाग्ने गर्दछ ।

## २.७ शैक्षिक अवस्था

शैक्षिक अवस्थाका हिसाबले धादिङको गंगाजमुना तथा त्रिपुरासुन्दरी गाउँपालिका अगाडि बढेको देखिन्छ । यस क्षेत्रमा माध्यमिक विद्यालय सामुदायिकमा १४ र निजीमा २ गरी जम्मा १६ ओटा रहेका छन् । आधारभूत १५ र बालविकास ३० ओटा रहेका छन् ।

## २.८ यातायात

यस धादिङको उत्तरी क्षेत्रको सबै गाउँमा मोटरबाटो पुगेको छ । यहाँको मुख्य सडक दामान पाखिन राजमार्ग धादिङ बेसी ० किलो हुँदै झार्लाङसम्म र धादिङ बेसीबाट सल्यानटार हुँदै वसेरीसम्म पुगेको छ । यी सडकले गर्दा यहाँका बासिन्दालाई सहयोग पुगेको

छ । यहाँका अधिकांश सडकहरू कच्ची रहेका छन् त्यसैले हिउँदको समयमा मात्र सबै ठाउँमा यातायात पुग्ने गरेका छन् ।

## २.९ सञ्चार

धादिङको गंगाजमुना गाउँपालिका सञ्चारको सञ्जालयुक्त नगरपालिका हो । यहाँका बासिन्दाले स्वदेश तथा विदेशमा बस्ने आफन्तसँग कुराकानी तथा विषयहरूले सूचना प्राप्त गर्दछन् । नेपाल दूरसञ्चार, एन.सि.एल, स्काई इन्टरनेट आदिले सबैको घर आँगन तथा हात हातमा मोवाइल पुऱ्याएका छन् । धादिङका बासिन्दाहरूले केवल र डिस होमका सहायताले टेलिभिजनका माध्यमबाट विश्वका घटना परिघटना थाहा पाउन सफल भएका छन् ।

## २.१० वनजंगल

गंगाजमुना क्षेत्रको वनजंगल सामुदायीकरण गरिएको छ । यहाँ वन जंगलमा जीवजन्तु, जनावर र चराचुरुगीहरू पाइन्छन् । यहाँको वन जंगलमा गोब्रे सल्ला, पैयौ, बाँस, उत्तिस, गुराँस, अंगेरी कटुस, चाँपो, साल, चिलाउने आदि रूखहरू पनि पाइन्छन् । जडिबुटिहरू बोझो, टिमुर, तेजपात, नीम आदि पाइन्छन् । वन जंगलमा पशुपंक्षी, बाँदर, चितुवा, खरायो, स्याल, मृग जनावर र कालिज, सुगा, तित्रा, भँगेरा, काग, ढुकुर, परेवा, जुरेली चिल, गिद्ध जस्ता पंक्षीहरू पाइन्छन् । यहाँ बस्ने जीवजन्तुले र जनावरले यो नगरपालिकालाई रमणीय बनाएका छन् । (आर्थिक वर्ष २०७४ र २०७५ को नीति बजेट तथा कार्यक्रम गंगाजमुना गाउँपालिका)

## २.११ उद्योग धन्दा तथा विकास निर्माण

यस क्षेत्रमा पहिलको तुलनामा विकास निर्माण र उद्योग धन्दाहरू फस्टाएको पाइन्छ । माथिल्लो भेगमा भने खासै विकाश भएको छैन तापनि सामान्य यातायातको सुविधा पुगेको छ । गाउँमा उत्पादित दुध तरकारीहरू बजारसम्म ल्याउन गाउँगाउँमा कच्चि सडकहरू निर्माण गरिएको छ । त्यस्तै सबै गाउँमा विद्युत् पुगेको छ । पुल पुलेसाहरू निर्माण भएका छन् । खाने पानीको भने खासै सुविधाहरू छैन ।

बेसी भेगमा माथिल्लो भेगको तुलनामा अलि बढी विकास निर्माण भएको पाइन्छ । यस क्षेत्रमा पक्की सडक, विकास बैंक, सहकारी, साना उद्योगहरू, होटल, पसल आदि रहेका छन् । तल्लो भेग सहरीकरण तिर उन्मुख देखिन्छ । यसरी हेर्दा यो क्षेत्र विस्तारै विकासको सोपान चढ्न लागेको देखिन्छ ।

# तेस्रो परिच्छेद

## धादिङ जिल्लाको उत्तरी भेगमा प्रचलित लोकगीतको सङ्कलन

यस क्षेत्रमा विभिन्न चाड पर्व, मेलापात, घाँस दाउरा, संस्कार आदि अवसरहरूमा विभिन्न किसिमका गीतहरू गाइन्छन् । यहाँ यस्ता केही गीतहरू सङ्कलन गरी प्रस्तुत गरिएको छ । लोकगीतहरू निम्नलिखित छन् :

हे गयौ माया जान्छु नी नभनी
रुँदै बसें महिना र दिन गनी
आउँछौ, आउँदैनौँ
हो भन निरमाया आउँछौ, आउँदैनौ
यसै मर्छु म देख्नै पाउँदैनौ
गयौ माया जान्छु नी नभनी
रुँदै बसें महिना र दिन गनी
आउँछौ, आउँदैनौ
हो... भन निरमाया आउँछौ, आउँदैनौ
यसै मर्छु म देख्नै पाउँदैनौ
तिम्ले मलाई छोडेको दिनदेखि
निद्रा छैन बसेको छु त्यहीदेखि आउँछौ, आउँदैनौ
हो... भन निरमाया आउँछौ, आउँदैनौ
यसै मर्छु म देख्नै पाउँदैनौ
हो... भन निरमाया आउँछौ, आउँदैनौ
यसै मर्छु म देख्नै पाउँदैनौ ।

स्रोत व्यक्ति : गंगा ढकाल
उमेर : २५ वर्ष
स्थान : गंगाजमुना-६

हे... सम्झना हुनाले, कहिल्यै पनि छोडेन रुनाले
फूल्यो बामरी,
बामरी, बामरी म भोली गइहाल्छु
बसे रामरी ।
सम्झना हुनाले, कहिल्यै पनि छोडेन रुनाले
फूल्यो बामरी,
बामरी, बामरी म भोली गइहाल्छु
बसे रामरी ।
हे... यो मायाको सम्झना धेरै भो
गयो माया हेरेको हेर्‍यो भो
फूल्यो बामरी
बामरी, बामरी म भोली गइहाल्छु
बसे रामरी
सम्झना धेरै भो गयो माया
हेरेको हेर्‍यौ भो
फूल्यो बामरी
बामरी, बामरी म भोली गइहाल्छु
बसे रामरी ।

स्रोत व्यक्ति : शान्ती उपकोटी
उमेर : २४ वर्ष
स्थान : गंगाजमुना-७

हे... धोबी लुगा धोबीले धुनी भो
धोबीले धुनी भो
बाउ माइती हाई हेलमा हुनी भो
गोरखा मनकामना
झ्याप्पै माया लाइ हालुम भने नी
ठीक छैन जमाना
हे... घाँस काट्म पाखाको सम्ममा
पाखाको सम्ममा
आ-को मत पाचवडा जम्मामा
गोरखा मनकामना
झ्याप्पै माया लाइ हालु भने नी
ठीक छैन जमाना

स्रोत व्यक्ति : धनकुमारी ढकाल
उमेर : ४५ वर्ष
स्थान : गंगाजमुना-६

लाऊँ माया के छ
लाऊँ माया के छ
छोड्न परे छोडदिम्ला यो देश
पूर्व जाने रेल
पूर्व जाने रेल हाँसिखुसि बोली देऊ
दुई दिन बाँचुन्जेल
लाऊँ माया के छ
लाऊँ माया के छ
छोड्न परे छोडदिम्ला यो देश
पूर्व जाने रेल
पूर्व जाने रेल हाँसिखुसि बोली देऊ
दुई दिन बाँचुन्जेल
कहिले घर, कहिलेको माइत
कहिलेको माइत
सम्भनाले उल्कै भो मलाइ त
पूर्व जाने रेल
पूर्व जाने रेल हाँसिखुसि बोली देऊ
दुई दिन बाँचुन्जेल

स्रोत व्यक्ति : दुर्गा खड्का
उमेर : ३५ वर्ष
स्थान : गंगाजमुना-६

हे... यो घरमा बास पाइन्छ पाइदैन
सुत्न देउ खाना केहि चाहिँदैन (हातमा रातो भोला)
यति राम्रो मान्छेको माया कस्तो होला
ए है हातमा रातो भोला
यति राम्रो मान्छेको माया कस्तो होला ।
हे... साँभका पाऊा देउतै हुन तर
एक्लै हु म बासको आश नगर, हातमा रातो भोला
यति राम्रो मान्छेको माया कस्तो होला
ए है हातमा रातो भोला
यति राम्रो मान्छेको माया कस्तो होला

स्रोत व्यक्ति : अविता लामिछाने
उमेर : २२ वर्ष
स्थान : त्रिपुरासुन्दरी-५

## ३.१ श्रम गीत

यस क्षेत्रमा विशेष गरी श्रम गीतअन्तर्गत रोपाइँ र घाँसे गीतहरू मात्र प्रचलनमा रहेको पाइन्छ । यी गीतहरू यस प्रकारका छन् ।

### ३.१.१ रोपाइँ गीत

रोपाइँ गर्दा यस क्षेत्रका किसानहरूले आफ्ना दुःख बिर्साउन यस प्रकारका गीतहरू गाउँदै रोपाहारहरूले विशेष गरी रोपाइँ गर्ने गर्छन् :

छुपुमा छुपु रोपौंला है धान
यही हातको बिउ छउन्जेल
राम्रैमा लाउँला मिठैमा खाउँला
बाउआमाको जिउ छउन्जेल

पानीमा पर्‍यो लौ है रिमिझिमी
त्यो भदौरे तोरीलाई
पराईको घरमा जानु पर्ने रैछ
नदेऊ जन्म छोरीलाई
अधेरी खोला उर्ली आयो हेर
बगाई लग्यो गेगरु
बारी त रुखो मलजल गरे हुन्थ्यो
कर्मै रुखो के गरुँ ?

असारे मासको त्यो दबदबे हिलो
छुन मलाई घिन लाग्यो
पातली नानीलाई फरिया किन्दा
बाह्रबिस रिन लाग्यो

चरमा चर लौ चरचरी चिर्ने
त्यो हरियो खुर्सानी
दुई चारमा चरण गाउँ त भने पनि
शिरमा लाठो बर्सने

स्रोत व्यक्ति : मन्दिरा बराल
उमेर : ३८ वर्ष
स्थान : त्रिपुरासुन्दरी-३

## ३.२ पर्व गीत

विभिन्न पर्वका अवसरमा रमाउँदै गीतहरू गाइने गरिन्छ । यस मण्डन क्षेत्रमा तिज, दसैँ र तिहारका अवसरमा मात्र पर्व गीतहरू गाउने गरेको पाइन्छ ।

### ३.२.१ तीज गीत

(क) तिजको बेलामा सबै जान्छन् मेलामा ।
म छोरीको आँसु झर्‍यो दैला ठेलामा ।

तिजको बेलामा बाबा लिन आउनु भो ।
सासू र ससुराले वचन लाउनु भो ।

तिमी माइत गयौ भने कसले काम गर्ने छ ?
घरमा भाको लैनो भैँसी ठहरै मर्ने छ ।

छिट्टै गरी आऊ है छोरी भन्नु भाथ्यो आमाले ।
माइत जान पाइन म त घरको कामले ।

डाँडापाखा सेतै भयो सिमलुको भुवाले ।
एउटी छोरी पाल्या भए हुन्थ्यो बुबाले ।

दाजुभाइ अंश लिन्छन् चारै किल्ला ठोकेर ।
म छोरी चाहिँ हिँड्नु पर्ने डोको बोकेर ।

आँगनीको छेउ पनि बिस्कुन हाल्न चाहिन्छ ।
जाऊ छोरी आफ्नै घर अंश पाइन्छ ।

स्रोत व्यक्ति : रंजिता कार्की
उमेर : २५ वर्ष
स्थान : गंगाजमुना-६

### ३.२.२ देउसी र भैली (तिहारमा गाइने)

हरियो गोबरले लिपेको लक्ष्मी पूजा गरेको
हे औँसी बारो गाई तिहार भैलो
भैलिनी आए आँगन गुन्यु चोली माँगन
हे औँसी.................................
बाबा पुज्छन् गाई हामी पुज्छौं भाइ
हे औँसी.................................
पशुपती देवता रक्षा गर अब त
हे औँसी ...........................
औँसीको रात केटाकेटीको जात
हे औँसी...........................
औँसीको रातमा बत्ती छैन साथमा
हे औँसी...........................
हामी त्यसै आएनौँ बली राजाले पठाए
हे औँसी ...........................
अघिपछि आउँदैनौँ झिँझोझर्को लाउँदैनौँ
हे औँसी...................................
वर्षदिनको चाड हामीलाई लाग्यो रहर
हे औँसी..................................
सखरखण्ड गुलियो एउटै घरमा भुलियो
हे औँसी...................................

स्रोत व्यक्ति : दुर्गा ढुङ्गना
उमेर : २८ वर्ष
स्थान : गंगाजमुना-६

## ३.३ संस्कार गीत

जन्म, मरण, विवाह, ब्रतबन्धजस्ता संस्कारमा गाइने गीत यस प्रकारका गीत हुन् । यस क्षेत्रका संस्कार गीतहरू यस्ता छन् :

### ३.३.१ रत्यौली गीत

**(क) दुलाहा अन्माएपछि गाइने**

दाइ त गए सुपारी टोक्दै
भाउजू आउँछिन् घुम्टीले मुख छोप्दै

पारिपट्टि भोगटे पेलेको
दाइको बिहेमा रत्यौली खेलेको

हाम्रो दाइले लगेको सारी
आज आउने बेहुलीले दाउ पारी

बेहुला बेहुली खेल्दै छन् पासा
दुनियाँलाई भैराछ तमासा

पारिपट्टि घर छायो सेउलाले
लगनगाँठो समायो बेउलाले

हाम्रो दाइले लगेको औँठी
ठुलो भयो भाउजूले के लाउँथी ?

स्रोत व्यक्ति : सविता कटुवाल
उमेर : ३५ वर्ष
स्थान : गंगाजमुना-६

## ३.४ बाह्रमासे गीत

जुनसुकै समयमा गाइने गीतहरू यस प्रकारका गीत अन्तर्गत पर्दछन् । यस क्षेत्रका बाह्रमासे गीतहरू तल उल्लेख गरिएका छन् :

### ३.४.१ सेलो गीत (तामाङ जातिमा प्रचलित)

टुङ्ना र डम्फु बजाउँदै
च्याङ्बाले मन चोरेछ
लुमलुम नाचूँ नाचूँ न
सुटुक्कै साइनो जोडेछ

चौँरीमा गाई गोठालो
गर्दै नजिक भएको
सैलुङको गुम्बा साक्षी छ
हामीले पिरती लाएको

बाटोमा कुरी बसेथो
च्याङ्बा आउने दिनको
ऐसेलु खर्क फुलियो
भेटघाट एकै छिनको
टुङ्ना र डम्फु.......................

स्रोत व्यक्ति : सुश्मिता कटुवाल
उमेर : २१ वर्ष
स्थान : गंगाजमुना-६

### ३.४.२ दोहोरी गीत

(क) केटा : हिंडे सानु (ख्याल गरी गरी
काँडा बिभ्लान ती कोमल पाउभरी, नजाउ है सानु पँधेरीमा
आफ्नै छाँयाले पनि साथ दिन्न भन्छन् अँधेरीमा) आफ्नै छाँयाले...

केटी : बसेकी छु (म तिम्रै भरमा
रात साँझ भन्न नपाईने गाउँ घरमा, कसरी जाउँ म पँधेरीमा
आफ्नै छाँयाले पनि छल गर्छ भन्छन् अँधेरीमा) आफ्नै छायाँले...

केटा : आफ्नो पराई (राम्ररी चिन
गाह्रो पर्ला फसेसी उम्कीन, नजाउ है सानु पँधेरीमा
आफ्नै छाँयाले पनि साथ दिन्न भन्छन् अँधेरीमा) आफ्नै छाँयाले...

केटी : कुरा सुन्छु (बाउ बाजेहरूको
दिन चाहीँ आफ्नो रात भन्छन् अरूको, कसरी जाउँ म पँधेरीमा
आफ्नै छाँयाले पनि छल गर्छ भन्छन् अँधेरीमा) आफ्नै छायाँले...

केटा : भेथौँ सधै (बासेसी भाले
बाटो छेक्लान् बैसालु आँखाले, नजाउ है सानु पँधेरीमा
आफ्नै छाँयाले पनि साथ दिन्न भन्छन् अँधेरीमा) आफ्नै छाँयाले...

केटी : मनी उस्तै (डराउने बानी छ
तिम्रो मनमा शंकाको खानी छ, कसरी जाउँ म पँधेरीमा
आफ्नै छाँयाले पनि छल गर्छ भन्छन् अँधेरीमा) आफ्नै छायाँले...

केटा : हुन्छ मलाई (मायालु कस्ती छौ
फूलले छोए दाग लाउने जस्ती छौ, नजाउ है सानु पँधेरमिा
आफ्नै छाँयाले पनि साथ दिन्न भन्छन् अँधेरीमा) आफ्नै छाँयाले...

केटी : धेरै मायाँ (गर्छौनी गर्न त
तर गाह्रो भयो भर पर्न त, कसरी जाउँ म पँधेरीमा
आफ्नै छाँयाले पनि छल गर्छ भन्छन् अँधेरीमा) आफ्नै छायाँले...

स्रोत व्यक्ति : सुनिल खड्का र इन्दिरा दाहाल
उमेर : क्रमशः २२ र ३५ वर्ष
स्थान : त्रिपुरासुन्दरी-२

# चौथो परिच्छेद

## धादिङ जिल्लाको उत्तरी भेगका लोकगीतको वर्गीकरण र विश्लेषण

लोकगीतमा ग्रामीण जनजीवनको आर्थिक स्थितिको यथार्थता र सजिव चित्रण भएको देख्न सुक्न सकिने अवस्था, परिश्रम गरेपछि मिठो खाने र राम्रो लगाउने चाहना हुन्छ, परिश्रम पानी भएर बग्दा पनि घट्टामा पिधिनुपरेको र दशैँ छाडेर लाहुर जानुपरेको र कुल्ली तथा दर्बान भएर दिन गुजार्नुपरेको आदि जीवनका दयनीय आर्थिक स्थितिलाई लोकगीतले उद्घाटन गरेको हुन्छ । त्यसैले लोकगीतको अध्ययन आर्थिक दृष्टिले महत्वपूर्ण छ ।

लोकगीतमा कुनै पनि राष्ट्रको सामाजिक, सांस्कृतिक, ऐतिहासिक, भाषिक, भौगोलिक र आर्थिक महत्व रहेको हुन्छ । लाखौँलाख नेपालीको जनजीवनका विविध अवस्थाकै अध्ययन लोकगीतबाट हुन्छ । लोकगीतमा सरल र सरसता, मौलिकता र तीव्रता रहेको पाइन्छ । लोकगीतले जीवनजगत्का सम्पूर्ण व्यक्तिहरूको संस्कृति र राष्ट्रिय परम्परालाई अभिव्यक्त गर्ने कार्य लोकगीतले गर्दछ ।

माथि वर्गीकरण गरिएका यस क्षेत्रका लोकगीतहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

### ४.१ विषयवस्तुका आधारमा विश्लेषण

विषयका आधारमा यस धादिङ क्षेत्रमा प्रचलित गीतहरू ५ प्रकारका रहेका छन् जसलाई यस प्रकार विश्लेषण गरिएको छ :

#### ४.१.१ सामाजिक सांस्कृतिक विषयमा आधारित

आफू र आफ्नो समाजमा भएका रहन सहन, चालचलन, रीतिस्थिति आदि झल्काउने खालका विषयवस्तुमा आधारित गीतहरू यस प्रकारका गीत अन्तर्गत पर्दछन् । यस क्षेत्रमा प्रचलित गीतहरूमा पनि यस्ता विशेषताहरू पाइन्छन् । समाजमा हुने लैङ्गिक तथा शैक्षिक विभेद, सासू र बुहारीको द्वन्द्व, पुरुषले महिलामाथि गर्ने अन्याय, समाजमा रहेको कुरौटे प्रवृत्ति आदि झल्काउने यी गीतहरू महिलाहरूले एकल रूपमा आफ्ना वेदना

पोख्न घाँस दाउरा गर्न जाँदा गाउने गरेको पाइन्छ । यस्ता गीतहरूमा पहिले महिलाहरूले पढन नपाएका तथा समाज शिक्षित नभएका कारण छोरा र छोरीलाई आमाबा बाटै गरिने शैक्षिक विभेद पनि पाइन्छ । यस्ता केही गीतहरू तल प्रस्तुत गरिएको छ :

पढाइ देनन् बाउ आमा पापीले
पाल्थ्यो जीवन कलम र कापीले

### ४.१.२ धार्मिक एवम् पौराणिक विषयमा आधारित

यस क्षेत्रमा प्रचलित धार्मिक गीतहरूमा विशेष गरी हिन्दु धर्मावलम्बीहरूको वैष्णम् तथा कृष्ण प्रणामी भजनहरू रहेको पाइन्छ । यस बाहेक हिन्दु सनातन धर्मका भजनहरू पनि प्रचलित छन् । यस प्रकारका भजन अन्तर्गत खैंजडी भजन, धामवर्णन, परम धामको वर्णन आदि यहाँ उल्लेख गरिएको छ ।

यस प्रकारको भजनमा एक जनाले विभिन्न भगवान्का लीलाहरूको वर्णन गर्दै भट्याउने र **नारायण** भनेपछि अरूले **हरि हरि** भन्दै भजनको पछिल्लो अंश दोहोर्‍याउने गरिन्छ । खैंजडी बजाउँदै र साथमा नृत्य समेत गरी गाइने यस सामूहिक भजनमा प्राायः पुरुषहरूको सहभागिता हुने गरेको भए पनि आजभोलि भने महिलाहरू समेत सहभागी हुने गरेको पाइन्छ । अहिलेको पुस्तामा लगभग लोप हुन लागेको पुरानो भजन हो । यसलाई बालन पनि भन्ने गरिन्छ । यसको विषयवस्तु धार्मिक ग्रन्थहरूबाट लिइएको हुन्छ । यो संसार दुःखको हो । यहाँ मानिसले सुखको अनुभूति गर्न पाउँदैन भन्ने सन्दर्भमा लेखिएको यस्तै भजनको सानो अंश यस प्रकार छ :

हे राम राम राम राम राम राम नारायण हरि हरि
हे धामबाट दुःख हेर्न संसारमा आयौं

हिन्दु धर्म अन्तर्गतकै यस धर्ममा विशेष गरी भगवान विष्णुलाई मान्ने गरिन्छ । मृत्य पश्चात् वैकुण्ठ बास हुने मान्यता अनुरूप यस धर्मावलम्बीहरूले विभिन्न धार्मिक कार्यहरूमा भगवान विष्णुको आराधना भजन मार्फत् बाजागाजाका साथमा सामुहिक रूपमा गर्ने गरेको पाइन्छ । यस्ता केही भजनहरू यस प्रकार छन् :

रघुपति राघव राजाराम
पतित पावन सीताराम
सीताराम भज सीताराम
ईश्वर अल्ला तेरे नाम
सबको सहमति दे भगवान
रघुपति राघव राजाराम

### ४.१.३ चाडपर्वसम्बन्धी विषयमा आधारित

यस धादिङको उत्तरी क्षेत्रमा मनाइने विभिन्न पर्व तथा उत्सवहरूमा यहाँका मानिसहरूले रमाउँदै गीतहरू गाउने गर्दछन् । तामाङ, मगर, नेवार, बाहुन क्षेत्रीहरूको बसोबास रहेको भए तापनि धर्मका हिसाबले हिन्दु धर्मावलम्बीहरूको बाहुल्य रहेकाले हिन्दुहरूकै चाडपर्व दसैं, तिहार तथा तिजजस्ता पर्वहरूमा गीतहरू गाउने गरेको पाइन्छ । यस क्षेत्रका केही पर्व गीतका उदाहरणहरू तल प्रस्तुत गरिएका छ :

**भैली गीत**

हिन्दुहरूको महान चाड तिहारको तेस्रो दिन घर घरमा लक्ष्मी पूजा गरिन्छ । यसै दिनको बेलुकी उस्तै उमेर समुहका महिलाहरू तथा बालिकाहरू भेला भई छरछिमेकका घर घरमा गई भैली खेल्ने प्रचलन रहेको छ । लक्ष्मी पूजाका दिनमा हरियो गोबरले लिपेर लक्ष्मीकृ पूजा गरी मनाइने गरिन्छ । भैली गीतमा पनि यस्तै विषयवस्तु समेटेको पाइन्छ । भैली गीत समुहमा मादल र तालिका साथ गाउने गरिन्छ । यसरी भैली खेल्नेहरूलाई घरबेटीले चामल, मकै, सेलरोटी राखी दियो बालेर पैसा राखी दान दिने गर्दछन् । यस गीतमा गीतकै माध्यमबाट दान दिनका लागि प्रेरित गर्ने र दान लिएपछि राम्रो आशिर्वाद समेत दिने गरिन्छ । भैली गीतको एउटा उदाहरण यस्तो छ :

हरियो गोबरले लिपेको लक्ष्मी पूजा गरेको
हे औंसी बारो गाई तिहार भैलो

**तीज गीत**

विशेष गरी हिन्दु नारीहरूले हरि तालिका तिजको तृतीया र पञ्चमीका दिनमा विभिन्न स्थानमा भेला भई गीतहरू गाएर रमाइलो गर्ने गर्दछन् । यस्ता गीतहरूमा चेलीहरू माइत जान नपाएका गुनासा, घरको कामले एक दिन पनि फुर्सद नपाउनेजस्ता विषयहरू समेटेको पाइन्छ । सञ्चार माध्यमबाट बज्ने आधुनिक लोक भाकाका गीतहरूको प्रभाव बढ्दै गइ रहेको भए तापनि तिजका गीतहरूको पुरानो भाका पनि यस क्षेत्रमा प्रचलित नै छ । यस भाकाका गीतहरूमा नारीहरूका गुनासाहरू गीतका माध्यमबाट व्यक्त भएका हुन्छन् । यस गीतको एउटा अंश यस प्रकार छ :

तिजको बेलामा सबै जान्छन् मेलामा ।
म छोरीको आँसु झर्‍यो दैला ठेलामा ।

### ४.१.४ श्रमसम्बन्धी विषयमा आधारित

विभिन्न काम गर्दाको समयमा आफ्ना थकानहरू मेटाउनका साथै मनोरञ्जनपूर्ण तरिकाले काम गर्नका लागि काम गर्दै यस प्रकारका गीतहरू गाउने गरेको पाइन्छ । यस मन्डन क्षेत्रमा यस प्रकारका गीत अन्तर्गत असारे गीत अर्थात रोपाइँ गीत र घाँसे गीतहरू मात्र पाइन्छन् । यस प्रकारका गीतहरू एकल वा सामुहिक रूपमा बिना बाजा गाउने गरिन्छ । यसका विषयवस्तु सामजिक हुन्छन् । यस्ता केही यस प्रकार छन् :

**घाँसे गीत**

प्रायः गरी महिलाहरू घाँस दाउरा गर्न जाँदा एक्लै वन जङ्गलमा गई आफूले पढ्न नपाएकै कारण घाँस दाउरा गर्न परेका गुनासाहरू गीतका मार्फत व्यक्त गर्दछन् ।

दियौ छोरी सम्मै छ भनेर<br>
घाँसै काट्छु खुट्किला खनेर

**असारे गीत (रोपाइँ गीत)**

असार महिनामा खेतको हिलो चिप्लोमा धान रोप्ने कुरा गीतका विषय बनेर आएका हुन्छन् । असार महिनामा पानी पर्ने विषय पनि समेटेको पाइन्छ ।

ठुल्दाइ त आए झिल्के मोटर लेर<br>
सान्दाइ आए जिप लेर<br>
गैरी खेतको रोपाइँ आउनु होला तपाईं<br>
लड्नु होला चिप्लेर

### ४.१.५ प्रकृतिसम्बन्धी वर्णनमा आधारित

धादिङ उत्तरक्षेत्र प्राकृतिक रूपमा एकदमै रमणीय छ । यस क्षेत्रको माथिल्लो भाग अर्थात गाउँ भेगबाट प्रकृतिका रमणीय दृश्यावलोकन गर्न सकिन्छ ।

गंगाजमुनाको डाँडाबाट हेर्दा पश्चिमतर्फ देखिने प्रख्यात हिमशृङ्खला र दक्षिणतर्फ देखिने आँसुको बगरले जो सुकैको मन लोभ्याउँछ । यस्तै प्राकृतिक रमणीयता पनि यहाँका गीतहरूमा झल्किएको पाइन्छ । यस्तै एउटा गीतको उदाहरण तल प्रस्तुत गरिएको छ :

केटी : गणेश हिमाल हाँसेको हेर<br>
सानु तिम्ले गीत गाको सुनेर<br>
केटा : आँखु नदी उर्लेर आयो<br>
तिम्रो गीत सुनेर रमायो

## ४.२ सहभागिताका आधारमा विश्लेषण

सहभागिताका आधारमा हेर्दा यस क्षेत्रका गीतहरू एकल, दोहोरी र सामुहिक रूपमा गाउने गरेको पाइयो । घाँस दाउरा गर्न जाँदा गाइने गीतहरू एकल रूपमा गाइने गीत अन्तर्गत पर्दछन् भने भजन, असारे गीत, देउसी भैली बाल  गीतहरू सामुहिक रूपमा गाउने गरेको पाइन्छ । त्यस्तै असारे गीत, बाह्रमासे गीत आदि दोहोरीका रूपमा गाउने गरेको पाइन्छ । यिनीहरूको छोटकरिमा व्याख्या तल गरिएको छ :

### ४.२.१ एकल गीत

एक्लै गाइने गीत एकल गीत हुन् । यस्ता गीतहरू गाउँघरमा प्रायः बिना बाजा र नाच एकल रूपमा गाउने गरेको पाइन्छ । यस क्षेत्रमा प्रचलित गीतहरूमध्ये एकल रूपमा गाइने गीतहरूमा मायाप्रिती र दुःख वेदनाका गीतहरू प्रचलनमा रहेको पाइयो । यस्ता गीतहरू प्रायः सामाजिक विषयवस्तुमा आधारित हुन्छन् ।

### ४.२.२ दोहोरी गीत

दुईजना व्यक्ति वा दुईवटा समूहबीच प्रतिस्पर्धात्मक रूपमा गाइने गीतहरू दोहोरी गीतहरू हुन् । यस प्रकारका गीतहरू रत्यौलीमा, रोपाइँमा तथा जात्रा वा पर्वका अवसरमा युवा र युवतीहरूको समूहमा गाउने गरिन्छ । प्रायः गरेर प्रतिस्पर्धाका रूपमा गाइने यस प्रकारका गीतहरूमा पहिले पहिले हार्नेले जीत्नेले भनेको मान्नै पर्ने चलन थियो । यति मात्र होइन कि केटाहरूले गीतकै मार्फत केटीहरू फकाएर विवाह समेत गर्ने गर्दथे । अहिले पनि यसका विषय माया प्रेम ्सम्बन्धी हुन्छन् । गीतकै माध्यमबाट व्यङ्ग्य एवम् ठट्टा गर्ने यस्ता गीतहरू तत्काल रचेर सवाल जवाफ गरिन्छ । असारमा रोपाइँ गर्दा रोपाहार र बाउसेका बिचमा पनि दोहोरी गाउने चलन छ । मादल र ताली बजाएर मात्र पनि गाइने यस्ता गीतहरू ग्रामीण नेपाली समाजका अमूल्य गहनाका रूपमा रहेका छन् । केही दोहोरी गीतका उदाहरणहरू यस प्रकार छन् :

केटा : कस्की छोरी कस्की हौ बुहारी ?
सक्छ्यौ भने आउ खेलौ जुहारी

केटी : साहूकी छोरी कर्नेलकी बुहारी
सक्छौ भने लौ खेलौ जुहारी

### ४.२.३ समूह गीत

धेरै जना मिली एक साथ गाइने गीतहरू समुह गीत अन्तर्गत पर्दछन् । सामूहिक रूपमा मादल तथा हार्बोनियम र तबलाका साथ वा ताली बजाउँदै गाइने यस्ता गीतहरू तिज गीत, बाल गीत, रत्यौली, भजन, देउसी तथा भैली हुन् । यस प्रकारका गीतहरू विभिन्न पर्व, उत्सव एवम् मनोरञ्जनका लागि गाउने गरेको पाइन्छ । यस्ता गीतका केही उदाहरणहरू यस प्रकार छन् :

**भैली गीत**

हिन्दुहरूको महान चाड तिहारको तेस्रो दिन घर घरमा लक्ष्मी पूजा गरिन्छ । यसै दिनको बेलुकी  उस्तै उमेर समूहका महिलाहरू तथा बालिकाहरू भेला भई छर छिमेकका घर घरमा गई भैली खेल्ने प्रचलन रहेको छ ।  भैली गीत समुहमा मादल र तालिका साथ गाउने गरिन्छ । यसरी भैली खेल्नेहरूलाई घरबेटीले चामल, मकै, सेलरोटी राखी दीयो बालेर पैसा राखी दान दिने गर्दछन् । यस गीतमा गीतकै माध्यमबाट दान दिनका लागि प्रेरित गर्ने र दान लिएपछि राम्रो आशिर्वाद समेत दिने गरिन्छ । भैली गीतको एउटा उदाहरण यस्तो छ :

हरियो गोबरले लिपेको, लक्ष्मी पूजा गरेको
हे औँसी बारो गाई तिहार भैलो

## ४.३ लय वा भाकाका आधारमा विश्लेषण

गाउने तरिका अनुसार गीतका भाका फरक फरक हुन्छन् । भाकाका आधारमा यस धादिङ उत्तरी क्षेत्रका गीतहरूलाई ६ प्रकारमा वर्गीकरण गरी विश्लेषण गरिएको छ :

### ४.३.१ तीजको लय

विशेष गरी हिन्दु नारीहरूले हरि तालिका तिजको त्रियादशी र पञ्चमीको दिनमा विभिन्न स्थानमा भेला भई गीतहरू गाएर रमाइलो गर्ने गर्दछन् । सञ्चार माध्यमबाट बज्ने आधुनिक लोक भाकाका गीतहरूको प्रभाव बढ्दै गइरहेको भए तापनि तीजका गीतहरूको पुरानो भाका पनि यस क्षेत्रमा प्रचलित नै छ । यस भाकाका गीतहरूमा नारीहरूका गुनासाहरू गीतका माध्यमबाट व्यक्त भएका हुन्छन् । यस गीतको एउटा अंश यस प्रकार छ :

तिजको बेलामा सबै जान्छन् मेलामा ।
म छोरीको आँसु झर्‍यो दैला ठेलामा ।

तिजको बेलामा बाबा लिन आउनु भो ।
सासू र ससुराले वचन लाउनु भो ।

हरि तालिका तिजको पञ्चमीको दिनमा महिलाहरू भेला भई खोलाहरूमा गएर पञ्चमी नुहाएपछि ढुंगाको आफैंले स्थापना गरेको देवताको वरिपरि परिक्रमा र पूजा गर्दै सामुहिक रूपमा यस्तो गीत गाउने गर्दछन् । यस गीतको भाका अघिल्लो गीतकोभन्दा फरक हुन्छ ।

रन्देउताका थान वरिपरि रन्देउताका थान वरिपरि
केका बत्ती बल्छन् है धिपिधिपी ?

रन्देउताका थान वरिपरि रन्देउताका थान वरिपरि
कसका कन्या नाच्छन् है छमछम ?

### ४.३.२ झ्याउरे लय

यस क्षेत्रमा विभिन्न झ्याउरे भाकाका गीतहरू प्रचलित छन् । विभिन्न पर्व, उत्सव र कार्यक्रमहरूमा गाइने गीतहरू यस भाकामा गाइन्छन् । यस क्षेत्रमा पाइने झ्याउरे भाकाका गीतहरूमध्ये १० अक्षरे, १४ अक्षरे र १६ अक्षरे गीतहरू प्रचलित छन् । पुराना भाकाका गीतहरू आजभोलि भने आधुनिक गीतका भाकाहरूबाट प्रभावित छन् । केही यस्ता गीतका उदाहरणहरू तल प्रस्तुत गरिएको छ :

**१० अक्षरे झ्याउरे गीत**

पानी पर्‍यो बलेसी दर्केर
गएपछि आउँदिन फर्केर

**१४ अक्षरे झ्याउरे गीत**

दसैं आयो तिहार आयो सिपाही गाउँमा
आऊ न गाऊँ हाँस खेल गरौं पित्रको नाउँमा

**१६ अक्षरे झ्याउरे**

राजाको बारी सुन्तला घारी तितिनपाते बेल
पितरे देउता आएछन् ल है फन्काइ दिऊँ न सेल

### ४.३.३ रोपाइँ गीतको लय

असार मासको दबदबे हिलोमा काम गर्दा थकान बिर्साउँदै काम गर्न गाइने असारे अर्थात रोपाइँ गीतका भाका अन्य गीत भन्दा फरक हुने गर्दछन् । यस प्रकारका गीतहरूमा पछिल्लो श्लोकको अन्तिम वर्णलाई लेघ्रो तानेर गाउने गरिन्छ । यसको एउटा सानो उदाहरण यस्तो छ :

आँखु खोला उर्ली आयो हेर
बगाई लग्यो गेगरु
बारी त रुखो मलजल गरे हुन्थ्यो
कर्मै रुखो के गरुँ ?

### ४.३.४ बाल गीतको लय

साना साना बालबालिकाहरूले रमाउँदै सामूहमा गाउने गीतका लय अन्य गीतका भन्दा फरक हुन्छन् । यस्ता गीतहरू बालबालिकाले खेल खेल्दै वा रमाइलोको लागि मात्र पनि गाउने गरेका हुन्छन् ।

### ४.३.५ भैली लय

हिन्दुहरूको महान चाड तिहारको तेस्रो दिन घर घरमा लक्ष्मी पूजा गरिन्छ । यसै दिनको बेलुकी  उस्तै उमेर समुहका महिलाहरू तथा बालिकाहरू भेला भई छरछिमेकका घर घरमा गई भैली खेल्ने प्रचलन रहेको छ । यस भैली गीतको भाका मिठो र अरूभन्दा फरक हुने गर्दछ । यसको एउटा छोटो उदाहरण तल छ :

भैलिनी आए आँगन गुन्यु चोली माँगन
हे अैँसी बारो गाई तिहार भैलो

## ४.४ प्रकार्यका आधारमा

प्रकार्यका आधारमा नेपाली लोकगीतहरूको वर्गीकरण गर्दा ती गीत किन गाइन्छ भन्ने प्रश्नको उत्तर हेर्नुपर्ने हुन्छ । नेपाली लोकगीतको प्रयाजन विविध छ । यस आधारमा गीतहरू सामान्य र विशेष गरी दुई प्रकारमा विभाजन गरिएको छ ।

### ४.४.१ सामान्य गीत

आनन्द वा मनोरञ्जनका निम्ति एक्लै, समूहमा र प्रश्नोत्तरका रूपमा गाइने गीत सामान्य गीत हुन । यस्ता गीतहरू गाउनका लागि कुनै अवसर आवश्यक छैन । बाह्रै महिना गाउन सक्ने यस्ता गीतहरू सामान्य अवस्थामा गाइन्छन् । यस प्रकारका गीत अन्तर्गत यस मण्डन क्षेत्रमा गाइने बाल गीत, घाँसे गीत र झ्याउरे गीतहरू पर्दछन् । यी गीतहरूका केही उदाहरणहरू तल प्रस्तुत गरिएका छन् :

**दोहोरी**

कुनै विशेष पर्व वा उत्सव पर्खनु नपर्ने यस प्रकारका गीतहरू बाह्रै महिना गाउन सकिने सामान्य प्रकारका गीतहरू हुन् । सामूहिक वा दोहोरीका रूपमा गाउन सकिने यस्ता

गीतहरू रमाइलोका लागि सधैँ गाउन सकिन्छ । यस्तै समान्य दोहोरीको एउटा अंश यस प्रकार छ :

केटा : ठूलो बेसी धान झुल्यो पहोलै
मेरो घर लैजान्छु मायालाई

केटा : माया तिमी बेसारे छ्यौ रे
लाको माया लाछैन भन्छ्यौ रे

### ४.४.२ विशेष गीत

विशेष कार्यका सन्दर्भमा गाइने गीत विशेष गीत हुन् र यस्ता गीतहरू धर्मकार्यमा, जीवन संस्कारहरूमा, विभिन्न ऋतुमा आउने चाड पर्वमा अनि काम गर्दा गाइन्छन् । समाज अनुसार यिनमा प्रशस्त विविधता पाइन्छ । (बन्धु : २०५८ नेपाली लोकसाहित्य) गंगाजमुना क्षेत्रमा गाइने लोकगीतहरूमध्ये विशेष गीत अन्तर्गत धार्मिक, पर्व, श्रम र संस्कार गीतहरू पाइन्छन् । यी गीतहरूका केही उदाहरणहरू तल प्रस्तुत गरिएका छन् :

**धार्मिक गीत**

विशेष धार्मिक अवसरहरूमा मात्र गाइने यस्ता धार्मिक गीत वा भजनले मानिसलाई आनान्दानुभूति प्रदान गर्दछ । पूजाआजा, पाठ पारायणजस्ता धार्मिक अनुष्ठानहरूमा गाइने भजन कीर्तनले भगवान्का चरित्र मार्फत नैतिक ज्ञान समेत प्रदान गरिन्छ । भगवान्का आराधनामा आधारित हुने यस्ता भजन कीर्तनले मानवलाई सत्कर्मतर्फ प्रेरित गर्दछन् ।

**पर्व गीत**

विभिन्न पर्वका अवसरमा रमाउँदै गीतहरू गाइने गरिन्छ । यस त्रिपुरासुन्दरी क्षेत्रमा तिज, दसैँ र तिहारका अवसरमा मात्र पर्व गीतहरू गाउने गरेको पाइन्छ । विशेष पर्वहरूमा मात्र गाइने यस प्रकारका गीतहरू अन्य समयमा गाइदैनन् । एउटा पर्वमा गाइने गीत अर्को पर्वमा समेत गाइदैनन् ।

**तीज गीत**

विशेष प्रकारको गीत अन्तर्गतको पर्व गीतमा पर्ने तिज गीत हिन्दु नारीहरूको महान् पर्व हो । यो पर्व भाद्र तृतीया र पञ्चीका दिनमा हिन्दु नारीहरूले नाचगान गरी मनाउने गर्दछन् । सामूहिक रूपमा भेला भई महिलाहरू आफ्ना पीडाहरू गीत मार्फत यसरी व्यक्त गर्दछन् :

तिजको बेलामा सबै जान्छन् मेलामा ।
म छोरीको आँसु झर्‍यो दैला ठेलामा ।

**भैली गीत**

हिन्दुहरूको महान चाड तिहारको तेस्रो दिन घर घरमा लक्ष्मी पूजा गरिन्छ । यसै दिनको बेलुकी  उस्तै उमेर समुहका महिलाहरू तथा बालिकाहरू भेला भई छरछिमेकका घर घरमा गई भैली खेल्ने प्रचलन रहेको छ ।

हरियो गोबरले लिपेको लक्ष्मी पूजा गरेको
हे औँसी बारो गाई तिहार भैलो

**श्रम गीत**

विभिन्न काम गर्दाको समयमा आफ्ना थकानहरू मेटाउनका साथै मनोरञ्जनपूर्ण तरिकाले काम गर्नका लागि काम गर्दै यस प्रकारका गीतहरू गाउने गरेको पाइन्छ ।

**घाँसे गीत**

वन पाखामा गएर घाँस दाउरा गर्दै गाइने यस प्रकारका गीतहरू विशेष गरी महिलाहरूले आफ्ना मनका बहहरू पोख्न गाउने गरेको पाइन्छ ।

दियौ छोरी सम्मै छ भनेर
घाँसै काट्छु खुट्किला गनेर
दाजुभाइले कलम सिउरिँदा
रुन्छ यो मन घाँस काट्न निउँरिदा

**असारे गीत (रोपाइँ गीत)**

विशेष गरी असार महिनामा किसानहरूले काम गराइको थकान मेटाउँदै काम गर्न असारे गीत गाउने गरिन्छ । यस्ता गीतहरूमा असार महिनाको मौसमका बारेमा पनि वर्णन गरिएको पाइन्छ । यस समयमा पानी पर्ने, हिलो चिप्लो हुने कुरा पनि गीतमा व्यक्त भएका हुन्छन् । यसको एउटा उदाहरण तल प्रस्तुत गरिएको छ :

ठुल्दाइ त आए झिल्के मोटर लेर
सान्दाइ आए जिप लेर
गैरी खेतको रोपाइँ आउनु होला तपाईं
लड्नु होला चिप्लेर

**संस्कार गीत**

मानिसको जन्मदेखि मृत्युसम्म विभिन्न संस्कारहरू हुन्छन् । यी संस्कारहरू विभिन्न समुदायमा बेग्ला बेग्लै किसिमले सम्पन्न हुन्छ । यस गंगाजमुना क्षेत्रमा यस्तै विविध संस्कारमध्ये बाहुन क्षेत्रीको विवाहमा गाइने रत्यौली र माझी जातिको मृत्युमा गाइने पित्र गीत प्रचलित छन् । यी गीतका उदाहरणहरू यस प्रकार छन् :

**रत्यौली गीत**

विवाह मानव जीवनको एउटा महत्त्वपूर्ण संस्कार हो । यस संस्कारमा मानिस खुसी हुन्छन् । त्यही खुसी साटासाट गर्ने तरिका बाहुन क्षेत्रीको समुदायमा रत्यौली खेल्ने प्रचलन छ । पहिले पहिले रातमा विवाह गर्ने चलन भएका कारण रातमा गीत गाएर रमाइलो गरिने हुँदा रत्यौली भनिएको भए पनि अहिले पनि छोराको विवाहमा रत्यौली खेल्ने चलन यथावत् नै छ । विवाहको दिन दुलाहा अन्माएपछि गाउँ घरका महिला र आफन्तहरू दुलाहका घरमा भेला भई गीत गाउने र नाच्ने गरेर बेलुकी दुलही भित्राउने समयसम्म रत्यौली खेल्ने गरिन्छ । रत्यौलीमा प्रायः महिलाहरूको मात्र  सहभागिता रहन्छ । रत्यौलीमा दुलाहा, दुलाहाका घर परिवारका बारेमा समेत गीतकै माध्यमबाट बताउने गर्दछन् साथै दुलहीलाई पनि सम्झाउने गर्दछन् । यो हिन्दुहरूको सामाजिक संस्कारको महत्त्वपूर्ण अङ्ग हो । यसको उदाहरण तल प्रस्तुत गरिएको छ :

गहुँको पिठो मुछेर सुवारी
आइ त पुगिन् लच्छिनकी बुहारी

**पित्र गीत**

यस धादिङ क्षेत्र अन्तर्गत पर्ने एउटा गाविस सल्यानटारको वडा नं ४ त्रिपुरासुन्दरीमा रहेको आँखु नदीको किनारमा माझी जातिको बसोबास रहेको छ । लोपोन्मुख यस जातिका आफ्नै किसिमका संस्कार संस्कृतिहरू रहेका छन् । यस्तै संस्कारमध्ये यस जातिमा रहेको एउटा प्रमुख संस्कार माझी जातिको मृत्यु पश्चात गरिने पित्र संस्कार हो । मृत्यु भएको वर्षको दसैंको भोलिपल्ट र तिहारको भोलिपल्ट खोलामा गई उनीहरूको पुरेतद्वारा पित्र बोलाउने, पित्र नचाउने र पित्र बगाउने प्रचलन छ । यस बेला यी कार्यहरू गीतको माध्यमबाट गरिन्छ । पित्र बोलाउने बेलामा पुरोहितले पित्रलाई फकाउँदै पित्र देवता सुनको डुङ्गा चढेर आउने र यो ठाउँ रमाइलो भएकोले पनि आउन अनुरोध गर्दछन् । पित्र देवता आएपछि पित्र देवता नचाउने र पित्रकै नाउँमै हाँसखेल गर्न अनुरोध गर्दछन र अन्त्यमा पित्रलाई खोलापारि बगाइ

दिन्छन् । बगाउँदा पित्र देवता वायुपंखी घोडा चढेर जान्छन् भन्ने विश्वास गरिन्छ । मृत्यु पश्चात वार्षिकी, श्राद्दजस्ता कर्म गर्न नपर्ने माझी जातिमा रहेको एउटा महत्तापुर्ण संस्कार हो । यसको एउटा छोटो उदाहरण  तल प्रस्तुत गरिएका छ :

आज त मैँले  पुतली पाएँ केराको बुङ्गामा
पितर देउता चढेर आउँछन् सुनको डुङ्गामा

## ४.५ सङ्गीतात्मकताका आधारमा विश्लेषण

गीत गाउँदा बाजा बजाउने र नृत्य पनि गरिन्छ वा गीत मात्र गाइन्छ भन्ने आधारमा गरिने वर्गीकरण नै सङ्गीतात्मकताको आधारमा गीतको वर्गीकरण हो । यस आधारमा गीतहरू गेय, वाद्य र नृत्य गरी ३ किसिमका छन् । यिनीहरूको विश्लेषण यस प्रकार प्रस्तुत गरिएको छ :

### ४.५.१ गेय गीत

जुन गीतहरू गाउने मात्र गरिन्छ त्यसमा बाजा र नृत्य हुँदैन भने ती गेय गीत हुन् । यस्ता गीत अन्तर्गत यस क्षेत्रमा प्रचलित घाँसे, बाल गीत, पित्र र रोपाइँ पर्दछन् ।

**घाँसे गीत**

पढाइ देनन् बाउ आमा पापीले
पाल्थो जीवन कलम र कापीले

छोराछोरी तिम्रै हुन् सन्तान
छोरीलाई नि छोरै हो भन्ठान

**पित्र बगाउँदा गाइने**

राजाले खेल्ने तिरि हैन बास्सा रानीले खेल्ने तास
आज त देखि यो घरका पितर गङ्गै पारि बास

### ४.५.२ वाद्य गीत

जुन गीत गाउँदा बाजागाजा समेत बजाइन्छ ती वाद्य गीत हुन् । यस मण्डन क्षेत्रमा गाइने गीतहरूमध्ये भजन, रत्यौली, सेलो, देउसी, भैली र  तिज वाद्य गीत अन्तर्गत पर्दछन् । यी गीतहरू गाउँदा यस क्षेत्रका मानिसहरू स्थानीय स्तरमा उपलब्ध हुने बाजाहरू जस्तै हार्बोनियम, तबला, मादल, डम्फु आदिको प्रयोग गर्ने गर्दछन् ।

**भैली गीत**

भैलिनी आए आँगन गुन्यु चोली माँगन
हे औंसी.................................

बाबा पुज्छन् गाई हामी पुज्छौं भाइ
हे औंसी.................................

औंसीको रात केटाकेटीको जात
हे औंसी...........................

**तीज गीत**

तिजको बेलामा सबै जान्छन् मेलामा ।
म छोरीको आँसु झर्‍यो दैला ठेलामा ।

**भजन**

रघुपति राघव राजाराम
पतित पावन सीताराम
सीताराम भज सीताराम

**रत्यौली गीत**

दाइ त गए सुपारी टोक्दै
भाउजू आउँछिन् घुम्टीले मुख छोप्दै

### ४.५.३ नृत्य गीत

जुन गीतहरू गाउने र साथमा नृत्य समेत गरिन्छ ती नृत्य गीत हुन् । विभिन्न पर्व, उत्सव, धार्मिका समारोहहरूमा गाउँदै र नाच्दै रमाउने यस्ता गीतहरू सामूहिक रूपमा गाउने र नाच्दै रमाउने गरिन्छ । यस क्षेत्रमा भएकामध्ये भजन, तिज गीत, रत्यौली, देउसी, भैली र सेलो नृत्य गीत अन्तर्गत पर्दछन् । यस प्रकारका गीतका केही उदाहरणहरू तल प्रस्तुत गरिएका छन् :

**भैली गीत**

हरियो गोबरले लिपेको लक्ष्मी पूजा गरेको
हे औंसी बारो गाई तिहार भैलो
भैलिनी आए आँगन गुन्यु चोली माँगन
हे औंसी.................................

**तीज गीत**

तिजको बेलामा सबै जान्छन् मेलामा ।

म छोरीको आँसु झर्‍यो दैला ठेलामा ।

तिजको बेलामा बाबा लिन आउनु भो ।
सासू र ससुराले वचन लाउनु भो ।

**भजन**

रघुपति राघव राजाराम
पतित पावन सीताराम
सीताराम भज सीताराम

**रत्यौली गीत**

दाइ त गए सुपारी टोक्दै
भाउजू आउँछिन् घुम्टीले मुख छोप्दै

# पाँचौँ परिच्छेद

## सारांश तथा निष्कर्ष

### ५.१ सारांश

यस अध्ययन पत्रको पहिलो परिच्छेदमा धादिङ जिल्लाको गंगाजमुना गाउँपालिका र त्रिपुरासुन्दरी गाउँपालिकामा प्रचलित लोकगीतको अध्ययन, विषयको प्रस्ताव गरिएको वा उल्लेख गरिएको छ । जसमा अध्ययनपत्रको परिचय, समस्या कथन, अध्ययन कार्यका उद्देश्यहरू पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, अधययन विधि जस्ता उपशीर्षक प्रस्ताव गरिएको छ ।

दोस्रो परिच्छेदमा धादिङ जिल्लाको उत्तरी क्षेत्रको सामान्य परिचय दिइएको छ । गंगाजमुना र त्रिपुरासुन्दरी गाउँपालिकाको प्राकृतिक स्वरूप तथा भौगोलिक अवस्था, राजनीतिक विभाजन, जनसङ्ख्या, धर्म, शैक्षिक अवस्था, यातायात, सञ्चार, वनजंगल, उद्योगधन्दा र विकास निर्माण आदि विषयहरूको बारेमा चर्चा गरिएको छ ।

तेस्रो परिच्छेदमा धादिङको उत्तरी क्षेत्रमा छरिएर रहेका नेपाली लोकगीतहरूको सङ्कलन गर्ने काम गरिएको छ ।

चौथो परिच्छेदमा धादिङ जिल्लाको उत्तरी भेगका नेपाली लोकगीतको मर्म सामाजिक परिवेशसँग जोडिएको छ । समाजमा भोगिएका भोगाइहरूलाई जस्ताको तस्तै लिएर गीतिलयमा सजाउने क्रममा लोकगीतको निर्माण हुन्छ । यस अध्ययनपत्रमा प्रत्येक लोकगीतको मुख्य शीर्षकको बयान गर्दै त्यसअन्तर्गत रहेका लोकगीतको विश्लेषण गर्ने कार्य गरिएको

पाँचौं परिच्छेदमा धादिङ जिल्लाको उत्तरी भेगमा प्रचलित लोकगीतको सारांश तथा निष्कर्ष प्रस्तुत गरिउको छ ।

### ५.२ निष्कर्ष

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत एम्.ए. दोस्रो वर्षको नेपाली विषयको दसौं पत्र पूर्णाङ्क ५० को अध्ययनपत्रको लागि धादिङ जिल्लाको गंगाजमुना र त्रिपुरासुन्दरी गाउँपालिकाको लोकगीतको अधययन विषय शीर्षक

छनौटमा केन्द्रित रही यस गाउँपालिकामा प्रचलित विभिन्न प्रकारका लोकगीतहरूको सङ्कलन गरी विश्लेषण गरिएको छ ।

नेपाली लोकगीतको क्षेत्रमा यी गाउँपालिका सम्पन्न मानिए तापनि यी गीतहरूको अध्ययन र विश्लेषण खासै भएको पाइँदैन । यसर्थ अध्ययनपत्रमा निर्धारित भेगका गाउँ टोलमा पुगी गीतहरू सङ्कलन गरिएको छ । गंगाजमुना र त्रिपुरासुन्दरी गाउँपालिकाको परिचयले यस क्षेत्रको गहिरो चिनारी प्राप्त गर्न सहयोग पुग्न सक्ने छ । यस गाउँपालिकाको सामाजिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक आदिको महत्वको बारेमा चिनारी दिने क्रममा पनि यो अध्ययनपत्रले सहयोग गर्ने छ ।

लोकजीवनले भोगको वास्तविक जीवन नै यहाँका लोकगीतको विषयवस्तु हुन् । यी गीतहरूलाई जीवन्त राख्न सके वर्ग समुदायका लोकसंस्कृति प्रेमीको लगनशीलता समुदायका लोकसंस्कृति प्रेमी चाहिन्छ ।

यस अध्ययनपत्रमा केही हदसम्म भए पनि यस भेगको लोकगीतको विश्लेषण एवम् वर्गीकरण गरिएको छ । यस कार्यबाट वर्तमान आधुनिकताको लहडमा परी लोप हुन सक्ने गीतलाई भावी पुस्ताका लागि लोकसंस्कृतिको अमूल्य निधिको रूपमा जोगाइ राख्न, विभिन्न पर्व र समयमा गाइने गीतहरूको पहिचान र तुलना गर्न, लोकगीत र हाम्रो जीवनको अन्तरसम्बन्ध थाहा पाउन आदि यस अध्ययनपत्रले सहयोग पुग्ने छ ।

# सन्दर्भसूची


के.सी., राजेन्द्र (सम्पा.) (२०५३), "धादिङका केही पाटा : केही पहिचान", **धादिङ दर्पण**, धादिङ : धादिङ विकास समाज ।

देउजा, लक्ष्मी (२०७२), "पाँचखाल क्षेत्रमा प्रचलित नेपाली लोकगीतको अध्ययन", अप्रकाशित एम.ए., नेपाली शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

लम्साल, नवराज (२०७२), "धादिङका नेपाली भाषाका लोकगीतमा रसविधान", अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय ।

## परिशिष्ट

## अध्ययन सामग्री सङ्कलनमा सहयोगीहरूको विवरण

| क्र.सं | नाम थर | ठेगाना | लिङ्ग | शिक्षा | उमेर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अविता लामिछाने | त्रिपुरासुन्दरी-५ | महिला | साक्षर | २३ वर्ष | |
| २. | इन्दिरा दाहाल | त्रिपुरासुन्दरी-२ | महिला | साक्षर | ३५ वर्ष | |
| ३. | गंगा ढकाल | गंगाजमुना-६ | महिला | साक्षर | २५ वर्ष | |
| ४. | दुर्गा खड्का | गंगाजमुना-६ | महिला | साक्षर | ३५ वर्ष | |
| ५. | दुर्गारमण लम्साल | गंगाजमुना-६ | पुरुष | साक्षर | ५० वर्ष | |
| ६. | धनकुमारी ढकाल | गंगाजमुना-६ | महिला | साक्षर | ४५ वर्ष | |
| ७. | मन्दिरा बराल | त्रिपुरासुन्दरी-३ | महिला | साक्षर | ३८ वर्ष | |
| ८. | रन्जिता कार्की | गंगाजमुना-६ | महिला | साक्षर | २५ वर्ष | |
| ९. | शान्ती उपरकोटी | गंगाजमुना-७ | महिला | साक्षर | २४ वर्ष | |
| १०. | रश्मिता श्रेष्ठ | गंगाजमुना-६ | महिला | साक्षर | २१ वर्ष | |
| ११. | सविता कटुवाल | गंगाजमुना-६ | महिला | साक्षर | ३५ वर्ष | |
| १२. | सुनिल खड्का | त्रिपुरासुन्दरी-२ | पुरुष | साक्षर | २२ वर्ष | |